

जीवनमा सफलता प्राप्त गर्न आत्मबल, धैर्यता र निरन्तरता नै सबैभन्दा प्रमुख कुरा रहेको बताउने कमला श्रेष्ठ सौन्दर्यविज्ञ हुनुहुन्छ । छ हजार भन्दा बढीलाई ब्यूटिपार्लर सम्बन्धी तालिम दिएर स्वरोगार बनाउनु भएको छ र यस कार्यमा दत्तचित्त भएर लागि रहनुभएको छ ।

# सौन्दर्यकलाको पर्यायवाची : कमला श्रेष्ठ



● दिपा नेपाली

## प्रारम्भ

मानिसले फरकफरक कामबाट आफ्नो फरकफरक पहिचान बनाउँछन् । नेपाली समाजमा त्यस पूर्व कसैले नगरेको र नदेखेको काम गरेर लामो समयको संघर्षपछि एउटा मुकाममा पुग्ने प्रतिभाको धनी व्यक्तित्व हुनुहुन्छ, सौन्दर्यविज्ञ कमला श्रेष्ठ । असल मानवीय गुण, कार्य क्षमता र सरल व्यवहारले समाजमा विशेष स्थान बनाउन सफल कमलाले आफूलाई मात्र होइन हजारौं महिलाहरूलाई आत्मनिर्भर बनाइसक्नु भयो ।

जीवनदेखि हार खाएका थुप्रै युवाहरूलाई उहाँको सिपले बाँच्ने आधार दिएको छ, दक्ष जनशक्ति उत्पादन गर्दै आएको छ । जीवन बनाउन अघि जीवनलाई बदल्न सक्नुपर्छ भन्ने प्रेरणा उहाँको सफल जीवनबाट सिक्न सकिन्छ । जीवनमा सफलता प्राप्त गर्न आत्मबल, धैर्यता र निरन्तरता नै सबैभन्दा प्रमुख रहेको उहाँको सफलता बाट सिक्न सकिन्छ ।

केही गर्नुछ भने जस्तो सुकै चुनौतीलाई आँट र साहसका साथ सामना गर्दै पहिलो पाइला अगाडि बढाउनु पर्छ । विना योजना अन्माएको उहाँको सिपले आज राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा पर्याप्त बजार पाइरहेको छ । धनसम्पत्तिसँग उहाँले आफ्नो सपना र खुशी साट्नु भएन । बरु आफ्नो महत्वपूर्ण समय र खुशी धेरैको जीवनको लागि समर्पित गर्दै आउनु भएको छ । त्यसैले उहाँले अहिलेसम्म पैसालाई स्रोतको रुपमा र कामलाई उत्तरदायित्वको रुपमा लिनुभएको छ । उहाँ आफ्नो पीडाको मलम अरुको खुशीमा देख्न चाहनुहुन्छ । र, अघि बढ्ने मान्छेलाई घरपरिवार, समाज कसैले छेकेर छेकिंदैन भन्ने भनाइलाई उहाँले पुष्टि गरेरै छोड्नु भएको छ ।

## कमलाको जन्म र स्वभाव

आमा चेत कुमारी भट्टराई र बुवा डम्बर भट्टराईको कान्छो सन्तानको रुपमा वि.सं. २०१४ फाल्गुन ४ गते सुनसरी जिल्लाको धरान वडा नं. १०, चपरघट्टी गाउँमा कमला जन्मिनु भएको थियो । उहाँ सात दाजुभाइको एउटा मात्र बहिनी हुनुहुन्छ । सम्पन्न किसान परिवारमा जन्मिनु भएको उहाँलाई केही कुरामा अभावको महसुस थिएन । उहाँ सानै उमेरदेखि एकदमै चुलबुले, चकचके र जिद्दी स्वभावको हुनुहुन्थ्यो । खेल खेल्न अति मन पराउने उहाँ केटीहरू भन्दा

पनि केटाहरूसँग खेल्न बढी रुचाउनु हुन्थ्यो । खेल जस्तो भए पनि आफूले जित्नै पर्ने बानी थियो । हुने बिरुवाको चिल्लो पात भने झैं उहाँ सानैदेखि कुनै खेलमा हार्न मन पराउनु हुँदैनथ्यो । त्यो स्वभावले जहिले पनि जित्नुपर्छ जित्न निरन्तर परिश्रम गर्नुपर्छ भन्ने बानीको विकास भयो र आजसम्म जे काम गरे पनि जित्दै र पहिलो हुँदै आउनुभएको छ ।

त्यतिबेलाको समयमा केटी मान्छेले केटा मान्छेले गर्ने काम गर्नुहुँदैन भन्ने सामाजिक चिन्तन थियो । तर पनि उहाँमा कुनै पनि कामलाई यो केटाले गर्ने र केटीले गर्ने काम हो, यो काम मैले गर्नु हुँदैन भन्ने धारणा आएन । जे काम गरिन्छ त्यस काममा सधैं मेहनत, धैर्यता र निरन्तरता दिनुपर्छ भन्ने उहाँको धारणा छ । जुन कामको सुरुवात गरिन्छ, त्यो कामको अन्त्यमा पुग्न जस्तो सुकै चुनौतीलाई सामना गर्ने आँट र क्षमता हुनुपर्छ भन्नुहुन्छ कमला । नेपाली समाजमा रहेको पितृसत्तात्मक चिन्तनलाई चिर्ने खुबी उहाँमा छ । उहाँको क्षमता र आँटले आम नेपाली महिलाको गरिमालाई उचाईमा पुऱ्याएको छ । छोरी जन्मिए नराम्रो मान्ने नेपाली समाजमा राम्रो वातावरण पाए हरेक चुनौतीको सामना छोरीले पनि गर्न सक्छन् भन्ने उदाहरण उहाँ स्वयं हुनुहुन्छ ।

## बाल्यकाल र विवाह

उहाँले ५ वर्षको उमेरदेखि प्रारम्भिक शिक्षा सुरु गर्नु भएको थियो । उहाँले कक्षा १ देखि कक्षा १० सम्म बालिका गर्ल्स स्कुल धरानमा अध्ययन गर्नुभयो । तर उहाँ कक्षा ९ मा पढ्दै गर्दा वि.सं २०२७ असार २६ गते १४ वर्षमै नरेन्द्र बहादुर श्रेष्ठसँग प्रेम सम्बन्धपछि मागी विवाह भयो । सानै उमेरमा विवाह गरे पनि उहाँको दृढ इच्छा शक्तिलाई बाल्यावस्था, यौवनावस्था र वैवाहिक सम्बन्धले कुनै पनि अवरोध पारेन । किनकी उहाँसँग एउटा दृढ संकल्प थियो । क्षेत्री भट्टराईको छोरीको श्रेष्ठ परिवारका छोरासँग विवाह गरेर घरजम गरिखान सामाजिक र पारिवारिक रुपमा अस्वीकार्य नै थियो । समाज र परिवारले स्वीकार्न नसकेको उहाँको अन्तरजातीय जोडीलाई कसैले तोड्न सकेन । आफ्नो आँट र श्रीमान्‌को साथले निरन्तर केही गर्नुपर्छ भन्ने अठोट गरेर अघि बढ्नुभयो । हिजोआज पनि धेरै महिलाले विवाह गरेपछि पढाइ छोड्ने गरेको पाइन्छ । तर उहाँले त्यतिखेरको समाजमा आफ्नो पढाइलाई पहिलो प्राथमिकतामा राख्दै पारिवारिक जिम्मेवारी वहन गर्नुभयो । उहाँको

एसएलसीदेखि उच्च शिक्षा सबै बिहेपछि पुरा भएको हो। एसएलसी पास गरिसकेपछि उच्च शिक्षा पढन जोड गर्नुभयो। बहुमुखी क्याम्पस धरानबाट उहाँले राजनीतिक शास्त्र विषयमा आइए (प्रमाणपत्र तह) उत्तीर्ण गर्नुभयो, त्यतिबेला उहाँको जेठो छोरा निश्चलको जन्म भइसकेको थियो। जेठो छोराको स्याहारसुसारसँगै पढाइलाई निरन्तरता दिनुभयो र राजनीतिशास्त्रबाट स्नातक गर्नुभयो। स्नातक पास गरे लगत्तै फेरि उहाँको कान्छो छोरा नबिनको जन्म भयो।

समाज र परिवारले स्वीकार्न नसकेको उहाँको जोडी आज समाजकै नमुना जोडीको रुपमा स्थापित भएको छ। उहाँका श्रीमान् संयुक्त राष्ट्रसंघ अन्तर्गत नेपाल स्थित कार्यालयमा रहेको प्रोजेक्टमा फरेस्ट अफिसर हुनुहुन्थ्यो। श्रीमानले धरानमा ठूलो क्षेत्रफलमा वृक्षारोपण गर्नुभएको थियो। त्यस वृक्षारोपणलाई तत्कालीन रानी ऐश्वर्यले देख्नु भएछ। एकदमै खुशी भएर धेरै प्रशंसा गर्नुभएको रहेछ। उहाँको मेहनत र परिश्रम देखेपछि रानीले फोरेस्ट्रीमा उच्च अध्ययन गर्न थाइल्याण्डमा जाँदा राम्रो हुन्छ भन्ने सल्लाह दिएपछि उहाँका श्रीमान् दुई छोरा र आफूसहित वि.सं. २०३२ सालमा थाइल्याण्ड जानुभयो। थाइल्याण्डमा उहाँलाई त्यसै बस्न गाह्रो भयो। अंग्रेजी भाषामा कमजोर भएका कारण थप उच्च अध्ययन गर्नु सक्नुभएन। नेपालमा राजनीतिक शास्त्रबाट स्नातक गरिसक्नु भएको उहाँको विश्वविद्यालयमा उच्च शिक्षा हासिल गर्ने आशा मरेपछि प्रिगफ्रो द स्कूल अफ ब्यूटिफिकेशन (Prignfraow the school of Beautification) मा ब्यूटिफिकेशन कोर्समा (Beautification Course) अर्थात् सुन्दर बनाउने काममा स्नातकोत्तर गर्नुभयो। थाइल्याण्ड बस्दा त्यहाँ मोटरसाइकल चलाउन सिक्नुभयो। त्यतिबेला नेपालमा कुनै पनि महिलाले मोटरसाइकल चलाउन नजानेको उहाँको भनाइ छ। पहिलो महिला मोटरसाइकिल चालक भएका कारण नेपालमा यामाहा कम्पनीले स्कुटी उपहार दिएको थियो। झण्डै चार वर्ष थाइल्याण्ड बस्दाको समयलाई क्षमता विकास गर्ने अवसरको रुपमा प्रयोग गर्नुभयो।

## व्यवसाय विकासको संघर्ष :

थाइल्याण्डको चार वर्षको बसाइपछि उहाँ काठमाडौंको न्युरोडमा रहेको आफ्नो घरमा तीनचार महिना मात्र बस्नुभयो। त्यसपछि ललितपुरको कुपण्डोलमा

एकतले घर मासिक पन्ध्र सय रुपयाँमा भाडामा लिएर बस्नु भयो । त्यही घरको एउटा कोठामा एउटा काठको कुर्ची र टेबल राखेर दश हजारको लगानीमा आफ्नो सौन्दर्यकला (ब्यूटीपार्लर) व्यवसाय अगाडि बढाउनुभयो ।

नेपालमै आफ्नो सिपलाई प्रयोग गर्नुपर्छ भनी फर्किनु भएको उहाँको सिपलाई नेपाली समाजले छिट्टै चिन्न सकेन। बरु विभिन्न भनाइहरू खानुपऱ्यो। सौन्दर्यकलामा दक्ष ज्ञान प्राप्त गरेर पनि त्यसलाई नेपाली समाजका लागि सामान्य बनाउन निकै सास्ती भोग्नुपऱ्यो। त्यो समयमा उहाँको सिपलाई नकारिन्थ्यो, अर्थात नकारात्मक दृष्टिकोणबाट बुझिन्थ्यो। घरपरिवार, मावली र समाजले पनि कुलधरानकी छोरी भएर के यस्तो काम गर्न थालेको भनेर कुरा काट्न थाले। सौन्दर्य कला सिकेर नेपाल फर्केकै कारण उहाँका ससुराले २ महिनासम्म उहाँले छोएको पानीसमेत चलाउनु भएन । घरपरिवार र समाजले नस्वीकारेको आफ्नो सिपलाई कार्यान्वयनमा ल्याउनुपर्छ भन्ने चाहिँ उहाँलाई लागिरह्यो । हार खानु भएन । बनावटी सौन्दर्य, नक्कल पार्ने, फजूल खर्च गर्ने जस्तो रुपमा सौन्दर्यकला व्यवसायलाई लिने गरिन्थ्यो । कुनै पनि मानिसमा सुन्दरता र यो व्यवसाय बारे चेतना नै थिएन । बुझाउनै कठिन थियो । जसमा व्युटिपार्लर भन्ना साथ नकारात्मक दृष्टिकोणले हेरिन्थ्यो । यद्यपि नआत्तिकन उहाँले आफ्नो व्यवसाय अघि बढाउने विचार गर्नुभयो। आफ्नो क्षमतालाई राष्ट्रको गरिमासँग जोड्न र यो व्यवसायलाई सकारात्मक हो भनेर प्रमाणित गर्न कयौं चुनौतीहरू पार गर्नुभयो। वि.सं.२०३६ सालमा पाटनमा कपाल काट्ने सैलुन (Saloon) खोल्नु भएको थियो । त्यसपछि ब्युटीपार्लर सम्बन्धी हुने कार्यक्रमहरूमा जान थाल्नुभयो । त्यसक्रममा त्यही कपाल काट्ने ठाउँलाई ब्युटीपार्लर बनाउनुपर्छ भन्ने माग आउन थाल्यो । अनि राम्रो तालिम लिनुपर्छ भन्ने लाग्यो र ब्युटीपार्लरकै तालिम गर्न थाइल्याण्ड जानुभयो । त्यहाँ पुरै तालिम लिएर दक्ष भएर फर्किनुभयो । र, आफ्नो पहिलाको कामलाई नै सिटिईभिटीबाट स्वीकृती लिएर यसलाई इन्स्टिच्युट बनाउने योजना बनाउनुभयो। तर सिटिईभिटीले यहाँ हुँदैन भनेर सिधै नकारेको नमिठो अनुभव पनि उहाँसँग ताजै छ। यद्यपि यो सिटिईभिटीले नै गर्ने काम हो भन्ने बिश्वासका साथ निरन्तर लागि रहनु भयो। अन्तत: दुईवर्षको प्रयासपछि स्वीकृति लिन सफल हुनुभयो । आज युवाहरुलाई स्वरोजगार बनाउन सरकारले नै यस कामलाई प्राथकितामा राखेर तालिम दिरहेको छ ।

नेपालमा नयाँ काम शुरु गर्न आफ्नो घर, परिवारदेखि नै संघर्ष गर्नुभएकी कमलाको परिवारमा एक्कासी ठूलो बज्रपात पऱ्यो । वि.सं. २०४९ बैशाख ३१ गते आफ्नै अफिसको गाडीमा श्रीमान् र छोरा हेटौंडा जाँदै गर्दा सात घुम्तीमा गाडी दुर्घटना भयो र १७ वर्षिय जेठो छोरा नबिनको निधन भयो । यो पीडाले उहाँलाई निकै समय कामलाई निरन्तरता दिन गाह्रो भयो ।

केही समयको अन्तराल पछि भइसकेको कुरामा पीडाबोध मात्रै गरेर बसेर हुँदैन भन्ने सोचेर फेरि काम अघि बढाउन थाल्नुभयो । उहाँको लामो समयको संघर्षपछि वि.सं. २०५० सालमा सेम इन्स्टिच्युट अफ नेपाल (क्ष्क क्ष्लकतष्तगतभ या ल्भउबी) को स्थापना गर्नुभयो । सिटिईभिटीबाट सौन्दर्यकला व्यवसाय गर्नका लागि स्वीकृति लिएको पहिलो संस्था उहाँकै भयो । बिस्तारै यो संस्था र कामलाई उहाँले नेपालमा मात्र नभएर अन्य देशमा पनि शुरु गर्न थाल्नुभयो ।

नेपालमा सौन्दर्यकला संस्था स्थापना गर्ने पहिलो महिला पनि उहाँ नै हो । जब संस्थाले आधिकारिक मान्यता पायो, त्यसपछि आफूमा भएको सिप अरुलाई पनि सिकाउनुपर्छ भनेर तालिम पनि शुरु गर्नुभयो । शुरुमा चार जनाबाट शुरु गरेको तालिम हालसम्म ६ हजार भन्दा बढीलाई दिइसकेको बताउनुहुन्छ । त्यस्तो तालिम महिलालाई बढी दिए पनि पुरुषलाई पनि दिने गर्नुभएको छ । पुरुषलाई यसखालको ब्युटीपार्लरको काम सिकाउने, तालिम दिने आफू पहिलो महिला भएको उहाँको भनाइ छ ।

मुख्य उद्देश्य उहाँको बेरोजगार युवा महिला वा पुरुषहरूलाई रोजगारीको लागि बाटो देखाउनु नै हो । हालदेशभरि फैलिएको ब्युटीपार्लरको काम ठूलो व्यवसाय नै बनेको छ । अहिलेसम्म देशभर करिब २ लाखले ब्युटीपार्लर सम्बन्धी सिप सिकेको उहाँको अनुमान छ । उहाँपछि यो व्यवसाय हजारौं महिलाहरूको आयआर्जनको राम्रो माध्यम भएको छ । यही कामबाट महिलाहरू आत्मनिर्भर बनिरहेका छन् । यो व्यवसायलाई अझ सबै माझ पुगोस् भनेर महिला र पुरुष दुबैको लागि र सौन्दर्य ज्ञान सम्बन्धी जानकारीमूलक कार्यक्रम टेलिभिजनबाटै सञ्चालन गर्नुभयो । वि.सं. २०४२ सालमा नेपाल टेलिभिजनबाट ‘घरपरिवार सिंगार’ कार्यक्रम आफैंले चलाउनु भयो, यसले गर्दा झन् यस व्यवसायको

बारेमा एकैपटक धेरैलाई थाहा भयो र धेरै जना यो व्यवसायमा आकर्षित भएको उहाँको भनाइ छ ।

उहाँकै पहलमा देशभरका ब्युटीपार्लर सञ्चालक अर्थात सौन्दर्यकला व्यवसायीहरू संगठित हुन थाले र उहाँकै अध्यक्षतामा सौन्दर्यकला महासंघ बन्यो । त्यसका साथै यही व्यवसायको माध्यमबाट उहाँ उद्योग वाणिज्य महासंघको कार्यकारी सदस्यमा निरन्तर तिन पटक निर्वाचित भइसक्नु भएको छ ।

उहाँले जति पनि काममा सफलता प्राप्त गर्नुभयो त्यसमा घमण्ड गर्नुहुँदैन । उहाँको सिपले हजारौं बेरोजगार युवा आत्मनिर्भर बनेकोमा भने गौरव गर्नुहुन्छ । त्यति मात्र होइन यो क्षेत्रलाई अझ व्यापक बनाउन लागिरहनु भएकी उहाँले नै नेपालमा फेशन सो र ब्यूटी सेमिनारको शुरुवात गर्नुभयो । सौन्दर्यकलालाई उद्यमको रुपमा स्थापित गर्नुभएकी कमला यो उद्यम र व्यवसाय मात्र नभई प्रत्येक व्यक्तिमा आत्मविश्वास जगाउने कला र व्यक्तित्व निर्माणको एउटा पाटो पनि हो भन्नुहुन्छ ।

## पाठ्यक्रममा सौन्दर्यकला

आगामी नयाँ शैक्षिक सत्र वि.सं.२०७७ बाट 'सौन्दर्य ज्ञान' नेपालका १५ हजार विद्यालयमा पढाउने गरि पाठ्यक्रममा समावेश गरिएको कमला बताउनुहुन्छ । 'सौन्दर्य ज्ञान' किताब कक्षा ९ र १० मा ऐच्छिक विषयको रुपमा पढाइ हुनेछ । उहाँले 'सौन्दर्य ज्ञान' लाई पाठ्यक्रममा समावेश गर्न वर्षौदेखि पहल गर्दै आउनु भएको थियो । त्यसैको फलस्वरुप अब विद्यार्थीहरूले विद्यालय तहमै ऐच्छिक विषयको रुपमा 'सौन्दर्य ज्ञान' किताब पढ्न पाउने छन् । यो सौन्दर्य कला पढ्न चाहने विद्यार्थीहरूकालागि खुशीको कुरा हो । जीवनमा केही गर्न नसकेर जीवनदेखि हरेस खाइसकेका हजारौं मानिसको जीवन बनाउन उहाँको उल्लेखनीय योगदान रहेको छ । सौन्दर्यकला संघले उत्पादन गरेको जनशक्ति स्वदेश तथा विदेशमा सफल व्यवसायीको रुपमा स्थापित भएको देख्दा आफू खुशी भएको उहाँ बताउनुहुन्छ ।

वि.सं.२०३६ सालमा आत्मरक्षाको लागि उहाँले कराँते सिक्नुभयो । नेपाली समाजमा महिलाले खेल्दै नखेलेको खेल खेलेर उहाँ नेपालको पहिलो महिला

कराँते खेलाडीको रुपमा चिनिनु भएको छ। त्यतिखेरको पञ्चायती समयमा उहाँले नयाँ काम गर्दा उहाँको काम र सिकाइको लागि प्रेरणा दिन कोही रोल मोडल र प्रेरणादायी मान्छे थिएन। उहाँले नयाँ कुरा सिक्नु उहाँको आफ्नै इच्छाशक्ति नै उहाँको प्रेरणाको स्रोत हो। तर आज उहाँ सबैको लागि प्रेरणाको स्रोत बन्नुभएको छ।

बेरोजगार युवाहरुलाई रोजगारमुखी बनाउन दिनरात खटेर महत्वपूर्ण समय नेपाली युवाको लागि खर्चिनु भएको छ। उहाँको संघर्ष र योगदानको विभिन्न क्षेत्रले मूल्यांकन गरेका छन्। विभिन्न संघ संस्थाबाट दर्जनौं पुरस्कार तथा सम्मान पाउनुभएको छ।

सौन्दर्यकला क्षेत्रमा नेपाली महिलाको पहिचानलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा चिनाउन उहाँले निरन्तरता, धैर्यता र इच्छा शक्तिलाई आत्मसात गरेकै कारण आज निराश मनहरूकालागि उर्जा र शक्ति बन्न सफल हुनुभएको छ। उहाँलाई भेट्ने धेरैले उहाँलाई जीवनकै पहिलो प्रेरणाको शक्तिको रुपमा लिन्छन्। कुनै पनि काम पूरा गर्न आत्मबल, आत्मविश्वास र इच्छा शक्ति नै मानिसको प्रमुख सफलताको कारक हुन्छ, भन्नुहुन्छ उहाँ मानिसलाई आत्मनिर्भर बनाउन सैद्धान्तिक भन्दा पनि व्यवहारिक सिप विकास गरे बेरोजगार भएर कोही बस्नु पर्दैन भन्ने उहाँको अनुभव र सुझाव छ।

तसर्थ, कमला श्रेष्ठ जस्तै एक आत्मनिर्भर उद्यमी बन्न र बनाउन नेपाल सरकारले सिप विकास तालिम र सिप विकास गराउने शिक्षालाई अझैं व्यापक रुपमा लैजानु र कार्यान्वयन गर्नुपर्दछ। ●